# सहकारीका माध्यमबाट महिलामा आएको सशक्तिकरण

(कर्मशील बचत तथा ऋण सहकारी संस्था लि.पोखरामा आधारित समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक प्रयोजनको लागि
समाजशास्त्र तथा ग्रामिण विकास विभाग पृथ्वीनारायण
क्याम्पस पोखरामा प्रस्तुत

***शोध पत्र***


**शोधार्थी**

संगिता तिमिल्सिना

रोल नं. १६०/०६४

त्रि.वि.वि. रजिष्ट्रेसन नं. १२७८२-९५



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

समाज तथा ग्रामिण विकास

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७४

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
520142
520143
520389
523462
526837
527440
531944
पत्र संख्या :
चलानी नं. :
(......समाजशास्त्र विभाग......)
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्रा संगिता तिमिल्सिनाद्वारा "**सहकारीका माध्यमबाट महिलाहरूमा आएको सशक्तिकरण**" शीर्षकमा कास्की जिल्ला, पोखरा स्थित कर्मशील बचत तथा ऋण सहकारी संस्था लि.मा आधारित रही तयार पारिएको शोधपत्र आवश्यक मूल्याङ्कनका लागि समिति समक्ष सिफारिस गर्दछु ।

..........................
(शंकरनाथ पौडेल)
**शोध निर्देशक**
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

**मितिः** २०७४/१२/२०

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
☎ 520142 520143 520389 523462 526837 527440 531944
पत्र संख्या :
चलानी नं. :
(समाजशास्त्र विभाग)
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत, समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त छात्रा संगिता तिमिल्सिनाले यस विभागमा प्रस्तुत गर्नुभएको **"सहकारीका माध्यमबाट महिलाहरूमा आएको सशक्तिकरण"** कर्मशील बचत तथा ऋण सहकारी संस्था लि., कास्की पोखरामा आधारित रही तयार पारिएको शोधपत्र मूल्याङ्कन समिति समक्ष पेश भई स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

..............................................

(शंकरनाथ पौडेल)

**शोध निर्देशक**

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

..............................................

(तेज प्रसाद सुवेदी)

**बाह्य परीक्षक**

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

..............................................

(प्रा.डा.विश्वकल्याण पराजुली)

**विभागीय प्रमुख**

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**मिति :-** २०७४/१२/२८

# कृतज्ञताज्ञापन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय अन्तर्गत पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा माजवशास्त्र विभागको स्नातकोत्तर तह दशौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो । यसको शीर्षक सहकारिको माध्यमद्वारा महिलामा आएको सशक्तिकरण रहेको छ । पोखरा उपमहानगरपालिका वडा न.८ सभागृहचोक स्थित कर्मशील वचत तथा ऋण सहकारी संस्था लिमिटेड यस अध्ययनको माध्यम बनेको छ। यो शोध पत्र तयार पार्ने क्रममा विहान, दिन, सहयोग गर्ने शोध निर्देशक हाम्रा आदरणीय गुरु, श्री सूर्यभक्त सिग्देलप्रति आभार व्यक्त गर्न चाहन्छु। उहाँले यो शोध पत्र तयार गर्ने समयसम्म आफ्नो कार्य व्यस्तताका बाबजुद जुनसुकै समय, ठाउँमा हृदयदेखि नै खुल्ला रुपमा सहयोग, सल्लाह र सामाग्री दिई भरपुर सहयोग गर्नुभयो । उहाँ प्रति म हृदयबाटै कृतज्ञता प्रकट गर्न चाहन्छु। उहाँको पूर्ण सहयोगले नै यो शोध पत्र सम्पन्न भएको हो । साथै यस विभागका विभागीय प्रमुख तथा हाम्री अति आधारणीय गुरुआमा श्री शान्ती भुसालज्यूले शोध पत्र लेख्ने प्रेरणा, राय, सल्लाह र सुझाव दिएर  सहयोग पुऱ्याउनु भएकोमा म उहाँ प्रति पनि अत्यन्तै ऋणी छु।

यस शोधपत्रको लेखनाथको क्रममा सल्लाह, सुझाव मित्र तथा पृथ्वीनारायण क्याम्पसका र समाजशास्त्र तथा मानवशास्त्र संकायका लेक्चर भोला अधिकारीजयूलाई पनि धन्यवाद नदिन रहन सकिन्न । त्यस्तै गरी विभिन्न भौगोलिक अवस्थितिको जानकारी सम्बन्धी अध्ययन सामाग्री उपलब्ध गराएर अचुत सहयोग पुऱ्याउने क्षेत्रीय माटो परीक्षण प्रयोगशाला पोखराका विशिष्ट माटो विशेषज्ञ श्री इन्द्र बहादुर ओलीज्यू प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी शोध पत्र लेखनको सामाग्री जस्तैः वार्षिक प्रतिवेदन, कस्केली सहकारी पुस्तिका उपलब्ध गराएर सहयोग गर्ने सहकारी प्रशिक्षण तथा डिभिजन कार्यलयकी इश्वरी ढकाल म्याडमप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसै गरी पोखेली माहिलाहरूकी प्रेरणाकी स्रोत हाम्रा आदरणीय दिज्यू सुश्री प्रभा कोइरालाज्यू प्रति धन्यवाद व्यक्त गर्दछु । उहाँले सामाग्री र सुझाव मात्र दिएर होइन, शोधपत्र लेखनमा प्रेरणा र हौसला उत्तिकै दिनुभयो जसमा 'गर्नेभन्दा गराउने भलो' भन्ने उखानको चरितार्थ प्रकट गर्दछु । त्यसैगरी हाम्रा अग्रणी साथी सुश्री सिता भट्टराई (अधिकारी) प्रति पनि म उत्तिकै आभारी छु । उहाँले शोधपत्रका सामाग्री उपलब्ध गराउनुको साथै महिलाहरूको विकासका लागि सहकारीको भूमिका सशक्तिकरण सम्बन्ध धेरै जानकारी दिनुभयो ।

त्यसै गरी शोधपत्रको आवश्यक तयारी मिलाई दिने मेरी छोरी रजनी तिमिल्सिना र छोरा रञ्जित तिमिल्सिना प्रति पनि धन्यवाद व्यक्त गर्दछु । मेरी छोरीको सहयोग  हौसला विना पनि म अगाडि बढ्न सक्ने थिइन ।

कर्मशील वचत तथा ऋण सहकारी संस्थाका प्रबन्धक श्री हरिभूचन्द्र रश्मिज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । उहाँले सहकारी सम्बन्धी सम्पूर्ण तथ्याङ्क उपलब्ध गराएर सहयोग पु¥याउनु भयो । त्यसैगरी त्यहाँ सेवारत सम्पूर्ण कर्मचारीप्रति पनि म आभारी छु । सबै जनाले आ-आफ्नो ठाउँबाट मलाई तथ्याङ्क सङ्कलनमा सहयोग पु¥याउनु भयो । त्यसैगरी कर्मशील वचत तथा ऋण सहकारी संस्थाका सम्पूर्ण शेयर सदस्यताहरू तथा कार्य समितिका सदस्यहरूलाई पनि धन्यवाद दिन चाहन्छु । उहाँहरूले पनि आवश्यक सूचना प्रदान गर्नुका साथै मूल्यवान समय र सुझाव दिई प्रश्नावलीको पूर्वपरीक्षणमा सहयोग पु¥याउनुभयो । त्यसैगरी मेरा अभिभावकहरूको निरन्तर प्रोत्साहन र हौसलाप्रति म ऋणी छु । मेरा कोरा पाण्डुलिपी प्रदान गर्ने मेरा सहपाठी मित्र पुष्पराज पौडेल तथा क्वीक कम्प्युटर सर्भिस एण्ड फोटोकपी परिवारलाई, विशेष धन्यवाद दिन चाहान्छु । अन्त्यमा, यो शोधपत्र लेखनको प्रारम्भदेखि मूल्याङ्कन समितिका निर्यणसम्म संलग्न रहने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु ।

मितिः २०७४□१२□१०                                    संगिता तिमिल्सिना

# विषयसूची


| | | |
|---|---|---|
| *सिफारिस पत्र* | | ***i*** |
| *स्वीकृति पत्र* | | ***ii*** |
| *कृतज्ञताज्ञापन* | | ***iii*** |
| *विषयसूची* | | ***v*** |
| *तालिका सूचि* | | ***viii*** |
| *शोध सार* | | ***x*** |
| | | पेज |
| अध्याय - एक : परिचय | | १-१० |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको उद्देश्य | ८ |
| १.४ | अध्ययनको महत्व | ८ |
| १.५ | अध्ययनको सीमा | ९ |
| १.६ | पारिभाषिक शब्दहरूको परिभाषा | ९ |
| १.७ | सङ्गठनात्मक संरचना | १० |
| अध्याय - दुई : पूर्व साहित्यको पुनरावलोकन | | ११-४२ |
| २.१ | अवधारणागत पृष्ठभूमि | ११ |
| २.२ | सैद्दान्तिक समिक्षा | २७ |
| २.३ | पूर्व साहित्यको समिक्षा | ३९ |
| २.४ | अवधारणागत खाका | ४२ |
| अध्याय - तिन : अनुसन्धान विधि | | ४३-४५ |
| ३.१ | अध्ययन क्षेत्र छनौटको औचित्य | ४३ |
| ३.२ | अनुसन्धान ढाँचा | ४३ |
| ३.३ | नमूना छनोट | ४३ |
| ३.४ | तथ्याङ्कको प्रकृति र स्रोत | ४३ |
| ३.५ | तथ्याङ्क सङ्कलनमा प्रयोग भएका विधिहरू | ४४ |

३.५.१ अन्तर्वार्ता प्रश्नावली ४४
३.५.२ अवलोकन ४४
३.५.३ समूह छलफल ४५
३.६ पूर्वपरीक्षण ४५
३.७ तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण ४५

अध्याय-चारः अध्ययन क्षेत्रको सामाजिक तथा जनसाङ्ख्यिक विवरण
उत्तरदाताको वैयक्तिक पृष्ठभूमि ४६-५५
४.१ कर्मशील बचत तथा ऋण सहकारी संस्थाको परिचय ४६
४.२ उमेरको आधारमा उत्तरदाताको संरचना ४७
४.३ जातीय आधारमा उत्तरदाताहरू ४८
४.४ धर्मका आधारमा उत्तरदाताहरू ४९
४.५ पेशाका आधारमा उत्तरदाताहरू ५०
४.६ वैवाहिक स्थितिको आधारमा उत्तरदाताहरू ५०
४.७ प्रजनन स्थितिको आधारमा उत्तरदाताहरू ५१
४.८ उत्तरदाताले बोल्ने भाषागत विवरण ५२
४.९ शैक्षिक स्थितिका आधारमा उत्तरदाताहरूको विवरण ५३
४.१० सहकारीप्रतिको बुझाइ ५४

अध्याय-पाँच : सहकारीमा आवद्ध महिलाहरूको आर्थिक तथा सामाजिक
अवस्थाको परिवर्तन ५६-७१
५.१ सहकारीमा आवद्ध भएको मिति ५६
५.२ सहकारीमा लाग्ने प्रेरणा ५७
५.३ सहकारीमा लाग्नुको उद्देश्य ५८
५.४ यस सहकारीमा संलग्नता पूर्व अन्य सहकारीको सदस्यता ६०
५.५ सहकारीबाट हुने फाइदाको जानकारी सम्बन्धमा ६०
५.६ उत्तरदाताको सहकारीमा आवद्ध भएपछि देखापरेका परिवर्तन ६१
५.७ सहकारीमा आवद्ध भए पश्चातका बेफाइदाहरू ६३
५.८ सहकारीमा आवद्ध भए पश्चात् तालिम लिएको वा नलिएको ६३
५.९ सहकारीबाट लाभान्वित उत्तरदाता ६५
५.१० सहकारीमा लागेपछिको अनुभव ६६

५.११ सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरू ६७
५.१२ ऋणको प्रकृति ६७
५.१३ ऋण लिएर लगानी गरेको व्यवसायबाट आम्दानी ६८
५.१४ आम्दानी भएको रकमको खर्च विवरण ६९

अध्याय - छः महिलाहरूको दैनिक जीवनशैली एवम् निर्णय क्षमतामा आएको परिवर्तन ७२-७७
६.१ पारिवारिक संरचना ७२
६.२ सिप एवम् तालिम सम्बन्धी विवरण ७२
६.३ सिप एवम् तालिम लिए पश्चात्को अवस्था ७३
६.४ व्यक्ति वा समुहमा काम गर्दाको अनुभव ७४
६.५ लैङ्गिक समानताका बारेमा जानकारी ७४
६.६ आर्थिक सहभागितामा पुरुष सरह नहुनुको कारण ७५
६.७ सहकारीलाई अगाडि बढाउन थाल्नुपर्ने कदमहरू ७६

अध्याय - सातः सारांश, निष्कर्ष र सुझाव ७८-८३
७.१ सारांश ७८
७.२ निष्कर्ष ८२
७.३ सुझावहरू ८३
सन्दर्भग्रन्थसूची
अनुसूचि

# तालिका सूचि


| तालिका | | पेज |
|---|---|---|
| तालिका २.१ | सहकारी सङ्घ संस्थाहरूको सङ्ख्यात्मक विकासक्रम | २२ |
| तालिका २.२ | सहकारी सङ्घ संस्थाहरूको एकीकृत सङ्ख्यात्मक विवरण | २३ |
| तालिका २.३ | सहकारी संस्थाको उद्देश्य अनुसार विवरण | २४ |
| तालिका ४.१ | उत्तरदाताको उमेर अनुसारको विवरण | ४७ |
| तालिका ४.२ | जातजाति अनुसारको विवरण | ४८ |
| तालिका ४.३ | धर्म अनुसारको विवरण | ४९ |
| तालिका ४.४ | पेशा अनुसारको विवरण | ५० |
| तालिका ४.५ | वैवाहिक स्थिति अनुसारको विवरण | ५१ |
| तालिका ४.६ | उत्तरदाताहरूको प्रजनन अवस्था | ५२ |
| तालिका ४.७ | बोलिने भाषागत विवरण | ५३ |
| तालिका ४.८ | शैक्षिक स्थितिका आधारमा उत्तरदाताको विवरण | ५३ |
| तालिका ५.१ | सहकारीमा प्रवेश गरेको मिति | ५६ |
| तालिका ५.२ | सहकारीमा लाग्ने प्रेरणा | ५७ |
| तालिका ५.३ | सहकारीमा लाग्नुको उद्देश्य | ५९ |
| तालिका ५.४ | यस सहकारीमा संलग्नता हुनु पूर्वको अवस्था | ६० |
| तालिका ५:५ | सहकारीबाट हुने फाइदा | ६१ |
| तालिका ५.६ | सहकारीमा आवद्ध भएपछिको परिवर्तन | ६२ |
| तालिका ५.७ | सहकारीमा आवद्ध भए पश्चात भएका वेफाइदाहरु | ६३ |
| तालिका ५.८ | सहकारीमा आवद्ध सीप/तालिम लिएको वा नलिएको | ६४ |
| तालिका ५.९ | सहकारमा लाग्दा हुने फाइदाहरु | ६५ |
| तालिका ५.१० | सहकारीमा लागेपछिको अनुभव | ६६ |
| तालिका ५.११ | सहकारीबाट ऋण | ६७ |
| तालिका ५.१२ | ऋणको प्रकृति | ६८ |
| तालिका ५.१३ | आम्दानी भएको रकमको खर्च विवरण | ६९ |

| | | |
|---|---|---|
| तालिका ६.१ | उत्तरदाताको घरपरिवारबाट छुट्टिभिन्न | ७२ |
| तालिका ६.२ | उत्तरदाताले कुनै सिप एवम् लिएको/नलिएको | ७३ |
| तालिका ६.३ | तालिम पश्चात् व्यवसायमा सहज | ७३ |
| तालिका ६.४ | एक्लै वा समूहमा काम गर्दा कुन सहज | ७४ |
| तालिका ६.५ | लैङ्गिक समानताका बारेमा जानकारी | ७५ |
| तालिका ६.६ | आर्थिक सहभागितामा पुरुष सरह नहुनुको कारण | ७६ |

# शोधसार


*यस अध्ययनमा सहकारिताबाट महिलाहरूमा आएको सशक्तिकरण सम्बन्धमा उजागरण गर्न खोजिएको छ । परापूर्व कालदेखि हिन्दु महिलाहरू पितृसत्तात्मक सोचबाट थिचोमिचोमा पर्नु परेको अवस्था हामीमाझ प्रष्टै छ । महिलाहरू पुरुष सरह अधिकार नपाउनु, उनीहरूले पुरुषको अधिनमा रहेर काम गर्नुपर्ने, उनीहरूले अड्कलेर दिएको खर-खजानाले निर्वाह गर्नुपर्ने, कठोर अनुशासनमा बस्नुपर्ने जस्ता समस्याहरू छन् । यीनै बाधक तत्वहरूबाट महिलाहरू अगाडि बढ्न सक्नु आफ्नो निर्णय आफैं गर्न सक्नु, र असक्तलाई सशक्त बनाउन जति पनि कार्य गरिन्छ । जस्तैः विभिन्न किसिमका तालिमहरू, महिला उन्मुक्तिका कार्यक्रमहरू, नेतृत्व र व्यक्तित्व विकासका कामहरू आदि सबैलाई सशक्तिकरण भनिन्छ ।*

*यस अध्ययनमा सहकारीले महिलाहरूको सक्रियतामा कत्तिको सहयोग पुऱ्याएको छ भन्ने प्रष्ट पार्दछ । कर्मशिल बचत तथा ऋण सहकारी संस्थामा पूरा सङ्ख्या ५०० जना रहेका र त्यसमा महिलाहरूको मात्र सङ्ख्या १८३ रहेको त्यसमा पनि अध्ययनको पद्धतिलाई सजिलो बनाउन ५५ जना अर्थात् १ जना छनौटमा पर्दछन् वा यसलाई तृतियांश भन्न सजिलो हुन्छ ।*

*वर्तमान समयमा सहकारीको सहायता लिएर महिलाहरूले निकै राम्रोसँग आफ्ना कार्यहरू सफल गरेको पाइएको छ । त्यसमा कर्मशिल बचत तथा ऋण सहकारी संरचना पनि एक सहकारी पर्दछ । यसमा संलग्न महिलाहरूले यहाँबाट ऋण लिएर व्यवसाय सञ्चालन गरी आफ्नो आर्थिक जीवनलाई सहज बनाएका छन् ।*

*यस अध्ययनको सन्दर्भमा सहकारिताको माध्यमद्वारा महिला सशक्तिकरण सम्बन्धमा खोजमूलक अध्ययन गर्न साधारण उद्‌देश्य रहेको छ भने निम्नलिखित विशेष उद्‌देश्यहरू रहेका छन् ।*

- *सहकारीताको माध्यमद्वारा महिलाहरूको अर्थिक तथा सामजिक अवस्थाको परिवर्तनबारे अध्ययन गर्ने ।*
- *महिलाहरूको दैनिक जीवनशैली तथा निर्णय क्षमतामा आएको परिवर्तनबारे अध्ययन गर्ने ।*

*अध्ययनको महत्त्व सम्बन्धमा प्रस्तुत शोध अध्ययन मैलिक संशोधन, महिला र उनीहरूको सशक्तिकरण, सहकारीका माध्यमबाट महिलामा बढेको स्वावलम्वीपन, नेतृत्व विकास र समग्र सामाजिक अवस्थामा पहुँच र सशक्तिकरणमा चासो राख्ने सम्बन्धित सबैका लागि उपयोगी हुनेछ भन्ने अपेक्षा राखी तयार पारिएको छ ।*

*यस अध्ययनमा अनुसन्धान ढाँचा वर्णनात्मक, व्याख्यात्मक र विषयवस्तु विश्लेषण ढाँचाको समेत अवलम्वन गरिएको छ । कास्की जिल्लाको पोखरा उप-महानगरपालिका वडा नं. ८, स्थिति सभागृहचो स्थित कर्मशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड यसको अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ ।*